# भीरकोट नगरपालिकाका

## उपप्रमुख श्री सिमा के.सी कर्माचार्यले

# प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम

बजेट तथा कार्यक्रम प्रस्तुत मितिः२०७४/०३/२८

# खण्ड १
# परिचय

## १.१ स्थानीय तहको संक्षिप्त परिचयः-

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७२/०६/०१ गतेको निर्णयानुसार यस नगरपालिकाको घोषणा भएको हो । साविकका ४ वटा गाँउ विकास समितिहरु दार्सिङ्ग दहथुम खिलुङ्ग देउराली, ढापुक सिमलभज्याङ्ग, स्वरेक र बानथोक देउराली गाँउ विकास समितिहरु मिलाएर साविकमा गठन भएको यस नगरपालिका नेपालको संविधान, २०७२ बमोजिम भएको पुनंसंरचनामा साविकका कालिकाकोट गाँउ विकास समितिका ३,४,५,६,७ र ८ नम्बर, साविक स्वरेक गाँउ विकास समितिका वडा नंम्बर १, ५, ६, ७ र ९ वडा र छाङ्गछाङ्गदी गाँउ विकास समितिका वडा नंम्बर २, ३, ६, ८ र ९ वडाहरु समावेश गरिएकोमा यस नगरपालिकामा ९ वटा वडा कार्यालयहरु रहेका छन् ।

नेपाल सरकारको निर्णयानुसार गठन भएको यस नगरपालिका सिद्धार्थ राजमार्गको शंकपुर देखि साविक छाङ्गछाङ्गदी गाँउ विकास समितिको वडा नंम्बर ३ को खत्री खोलासम्म उत्तर दक्षिण र वडा नंम्बर ९ को कालिकाकोट देखि वडा नंम्बर ३ को भुरङ्गडाँडासम्म पूर्व पश्चिम फैलिएको छ ।

यस नगरपालिका क्षेत्रमा सामुदायिक तर्फ आधारभुत तहका ३० वटा माध्यामिक तहका १० वटा क्याम्पस २ वटा गरी जम्मा ४० वटा विद्यालय र २ वटा क्याम्पस रहेका छन त्यसैगरी सामुदायिक तर्फ आधारभुत तहका १ वटा र माध्यामिक तहका ५ वटा गरि जम्मा ६ वटा विद्यालयहरु रहेका छन । यस नगरपालिकामा कुल जनसंख्या २५१३४ मा कुल साक्षरता दर ७८.०४ मध्ये महिला ६९.८० र पुरुष ८६.२८ प्रतिशत साक्षरता दर रहेको छ ।

## १.२ विद्यमान अवस्थाको समिक्षाः-

नगरपालिक गठन हुनुपूर्व साविकका गाँउ विकास समितिहरु, नगरपालिकाको स्थापना पश्चात नगरपालिकाबाट भएका विकासका गतिविधि र नेपाल सरकारका विभिन्न निकायहरुबाट भएको प्रयासबाट यस नगरपालिकाको सबल तथा कमजोर र यसका चुनौती तथा अवसर देहाय बमोजिम रहेको छ ।

### १.२.१ सवल पक्षः-

- संघीय संरचना अनुसारको संविधान र संविधानमा भएको व्यवस्था अनुसार स्थानीय सरकारका रुपमा कामकाज गर्ने गरी अधिकार सम्पन्न निवार्चित पदाधिकारीहरुबाट कार्य प्रारम्भ भएको,
- तुलनात्मकरुपमा अन्य स्थानीय स्तरका निकायहरुको भन्दा शैक्षिक, सामाजिक तथा आर्थिक अवस्था राम्रो रहेको,
- कुल जनसंख्याको करिब ७९ प्रतिशत जनसंख्या साक्षर रहेका,
- नगरपालिकाको कुल क्षेत्रफल १२२३ हेक्टर जग्गा मध्ये करिब ४० प्रतिशत भु-भाग बन क्षेत्रले ढाकेको,
- नगरपालिका क्षेत्रका सम्पूर्ण भुभागहरु एक आपसमा कच्ची सडक संजालमा जोडिएका,

### १.२.२ कमजोर पक्षः-

- नगरपालिकाको गठन पश्चात न्यूनतमरुपमा आवश्यक पर्ने जग्गा (भवन निर्माण प्रयोजनका लागि) ल्याण्डफिल्ड साइड, बस पार्क, सिटी हल लगायत भौतिक पूर्वाधारहरु हालसम्म पनि व्यवस्था गर्न नसक्नु,
- नगरपालिका गठन भएको २ वर्षभन्दा बढी समय व्यतित भई सक्दा पनि राजश्व आर्जनको महत्वपुर्ण स्रोतका रुपमा रहेको एकिकृत सम्पत्ति कर लागु गर्न नसक्नु,
- शहरी सुन्दरता, सुरक्षित र व्यवस्थित शहर निर्माणका लागि अनिवार्यरुपमा पालना गर्नु पर्ने भवन निर्माण सम्बन्धी आचार संहिताको पालना र त्यसबाट वर्तमान तथा आगामी पुस्तालाई हुन सक्ने फाइदाका विषयमा नगरबासीहरुलाई सुसुचित गराउन नसकिएको,
- भौतिक पूर्वाधारका क्षेत्रमा हालसम्म भएका विकासका क्रियाकलापहरु जस्तो बाटो निर्माण, खानेपानी लगायतका क्षेत्रमा भएको लगानी दिगो र प्रभावकारी हुन नसकेको,
- कृषि तथा पशुपालन व्यवसायलाई निर्वाहमुखी व्यवसायबाट व्यवसायिकरण गर्न नसकिएको,
- नगरपालिकाले आम नगरबासीको आशा तथा अपेक्षा अनुरुपको प्रभावकारी सेवा तथा सुविधा समयमा उपलब्ध गराउने सक्ने गरी न्युनतमरुपमा आवश्यक पर्ने संख्यामा र क्षमता भएका जनशक्ति नहुनु,

### १.२.३ अवसरः-

- विगत लामो समयको रिक्तता पश्चात जनताबाट निर्वाचित पदाधिकारीहरुको काँधमा स्थानीय सरकार संचालनको जिम्मेवारी प्राप्त हुन आएको,
- खिलुङ्ग कालिका भगवती मन्दिर, भीरकोट दरबार, भीरकोट वडामौला कालिका मन्दिर, भीरकोट भज्याङ्ग गढी, छाँयाक्षेत्र शिव मन्दिर, गडहरे गुफा लगायतका धार्मिक, स्वरेकमा रहेको साहसिक पर्यटकिय प्यारागलाइडिङ्ग, स्वरेक मैदान लगायतका पर्यटकिय स्थलहरु, साना जलविद्युत र सिचाईका लागि आधिखोला र कृषि उत्पादनका लागि आँधिखोला वारीपारि रहेका फराकिलाका फाँटहरु र आधिखोला आसपासमा राफ्टिङ्ग र मत्स्य पालनाको सम्भावना रहेको,
- राज्यको पुरानो राजमार्गका रुपमा रहेको सिद्धार्थ राजमार्गबाट पर्यटकिय गन्तव्यका रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गन्तव्यका रुपमा प्रख्यात रहेको पोखरा लेखनाथ महानगरपालिका र दक्षिणमा रहेको तराईसम्म सजह यातायातको सुगमताका कारण आर्थिक गतिविधिहरुको विकास र विस्तारमा सहज रहेको,
- यस नगरक्षेत्रमा जन्मथलो भएका राष्ट्रियस्तरका व्यक्तित्वहरु राज्यका विभिन्न निकायहरुमा कार्यरत रहेका ।

### १.२.४ चुनौतीः-

- नगरपालिकाको लागि आवश्यक पर्ने न्युनतम पूर्वाधारहरुको निर्माण गरि नगरपालिकालाई व्यवस्थित गर्ने,
- राष्ट्रिय भवन निर्माण आचार संहिताले तोकेको मापदण्डका आधारमा सुरक्षित, व्यवस्थित, सफा सुन्दर, नगरपालिका बनाउने,

- ❖ नगरपालिकाको विकास र निर्माणका लागि न्युनतमरुपमा आवश्यक पर्ने आन्तरिक आम्दानी बढावा दिदै सक्षम तथा आत्मनिर्भर नगरपालिका बनाउने,
- ❖ लामो समय पश्चात भएको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुबाट आम नगरबासीहरुका इच्छा, चाहना, आवश्यकता र अपेक्षाहरुलाई पुरा गर्नु,
- ❖ नगरपालिकबाट आमनगरबासीलाई प्रदान गरिने सेवा तथा सुविधा र आमनगरबासीले नगरपालिकालाई गर्नु पर्ने सहयोग र योगदानका विषयमा रहेको खाडललाई न्युननिकरण गर्ने कार्य,
- ❖ नगरपालिकबाट संचालनमा भएका र आगामी दिनमा हुने क्रियाकलापहरु निर्धारित समयमा, तोकिए बमोजिमको विधि तथा मापदण्ड र गुणस्तरीयरुपमा सम्पन्न गर्ने कार्य ।

**१.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अबलम्बन गरिएको पद्धतिः-**

यस आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका लागि उपलब्ध समय सिमालाई ध्यानमा राखि देहाय बमोजिमको विधि तथा प्रक्रियाको अवलम्बन गरि तयार गरिएको हो ।

- ❖ नेपालको संविधान, बजेट तर्जुमा सम्बन्धमा प्रचलित ऐन तथा कानून, सरकारले अन्तराष्ट्रियस्तरमा गरेका सन्धी, सम्झौता, नेपाल सरकारबाट जारी भएका नीति तथा कार्यक्रमहरु र नगरपालिकाको आर्थिक, सामाजिक अवस्थालाई ध्यानमा राखि यो बजेट तयार गरिएको छ ।
- ❖ नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा गई प्रत्येक टोलबासीहरुको आवश्यकताहरुको पहिचान, विश्लेषण र सम्भाव्यताको आधारमा नीति तथा कार्यक्रमहरु छनौट गरिएको,
- ❖ बस्ती तथा टोलस्तरबाट संकलन गरिएका कार्यक्रम/योजनाहरुका विषयमा प्रत्येक वडामा वडा अध्यक्षहरुको अध्यक्षतामा छलफल गरि नगर कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइएको,
- ❖ प्रत्येक वडाबाट संकलन गरिएका योजना तथा कार्यक्रमहरुका विषयमा नगरकार्यापालिकाको बैठकमा नगरपालिकाको आफ्नो आन्तरिक आय, नेपाल सरकारबाट उपलब्ध निशर्त तथा वित्तिय समानीकरण अनुदान, योजना कार्यन्वयनको क्षमता र वडास्तरमा तत्काल पुरा गर्नु पर्ने आवश्यकता समेतलाई विचार गरी नीति बजेट तथा कार्यक्रमहरु तर्जुमा गरिएको,
- ❖ उपलब्ध स्रोत, साधन तथा क्षमता र स्थानीय स्तरमा रहेका समस्या, आवश्यकताका आधारमा नीति तथा कार्यक्रम र बजेट तयार गरी यो सम्मानीत सभामा पेश गरिएको छ ।

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरुः-**

आगामी आर्थिक वर्ष नगर क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको प्राथमिकिकरण देहायको आधारमा गरिएको छ ।

- ❖ वडाको बस्ती तथा टोलस्तरमा भएको छलफल तथा बैठकका आधारमा नगरबासीहरुले व्यक्त गरेका र सम्बन्धित स्थानको आवश्यकता,
- ❖ नगर क्षेत्रमा कृषि तथा पशुपालना व्यवसायलाई निर्वाहमुखीबाट व्यवसायिकरण तर्फ उन्मुख गराउने आधारमा,
- ❖ नगरबासीहरुको स्वास्थ्य क्षेत्रमा न्युनतम पहुँच र स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने,
- ❖ नेपाल सरकारले विगतमा कार्यन्वयनमा ल्याएका नीति तथा कार्यक्रम,

- ❖ नगरपालिकाको आफ्नो आन्तरिक आय तथा नेपाल सरकारबाट उपलब्ध गराएको अनुदानका आधारमा
- ❖ पछाडी परेका वर्ग तथा समुदायका आवश्यकता र लाभान्वित हुने जनसंख्या

# खण्ड - २
# चालु आर्थिक वर्ष २०७३/०७४

## २.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न भएका कार्यक्रमहरुको समिक्षाः-

नगरपालिक क्षेत्रमा साविकमा स्थानीय निकायहरुबाट कार्यान्वयन भएका खानेपानी, शिक्षा, स्वास्थ्य र सडक निर्माणका क्षेत्रमा सम्पन्न भएका विकास आयोजनाबाट ग्रामिण भेगका बासिन्दालाई न्युनतमरुपमा राज्यबाट उपलब्ध गराउनु पर्ने सेवा तथा उपलब्ध भएको देखिन्छ । तथापी शुद्ध खानेपानी, कच्ची सडकका कारण बाह्रै महिना सवारी साधनचल्न सक्ने अवस्था, स्वास्थ्य सेवामा सहज पहुँचका दृष्टिकोणबाट प्राप्त उपलब्धीलाई सन्तोषजनक मान्न सक्ने अवस्था छैन । विगतमा सम्पन्न भएका कार्यक्रमहरुको मर्मत सम्भार गरी त्यसलाई टिकाउ र भरपर्दो बनाउदै नयाँ खालका विकास आयोजनाहरुको संचालन गरी न्युनतमरुपमा नगरपालिकबाट उपलब्ध गराउनु पर्ने सेवा तथा सुविधालाई टिकाउ भरपर्दो बनाउने जिम्मेवारी र अवसर यस सम्मानीत सभालाई प्राप्त भएको छ ।

## २.२ विषयगत निकायहरुबाट स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षाः-

कृषि. शिक्षा, पशुविकास र स्वास्थ्य जस्ता विषयगत कार्यालयहरुबाट यस क्षेत्रमा कुनै ठुलाखालका विकासका कार्यक्रमहरु नभएको भएपनि नगरबासिहरुको शिक्षामा सहज पहुँच रहेको छ । कृषि तथा पशुपालन क्षेत्रमा भने उत्पादन योग्ग जमिनमा बाह्रै महिना सिचाँइ सुविधा उपलब्ध नुहनु र कृषि तथा पशुपालन व्यवसाय निर्वाहमुखी मात्र भएकोले आगामी दिनमा कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिक करण तर्फ उन्मुख गराउनु र स्वास्थ्यसेवालाई क्रमश विस्तार गर्दै लानुपर्ने देखिन्छ ।

## २.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षाः

स्थानीय तहको गठन पश्चात नगरपालिकाबाट आफ्नो भवन निर्माण प्रयोजनको लागि करिब ४ रोपनी जग्गा निशुल्क प्राप्त भएको छ भने ठुलाखालका रेग्मी डाँडा कालिका अस्पतालसम्म र बयरघारीको सिद्धार्थ राजमार्गदेखि पुलको मुखसम्म गरी ३/३ सय मिटर गरि जम्मा ६ सय मिटरबाटो पक्की गर्ने कार्यक्रम रहेकोमा त्यसको करिब ६० प्रतिशत काम सम्पन्न भएको छ । नगरपालिकाले यस आर्थिक वर्ष संचालन गरेका लक्षित वर्ग तर्फ १६, महिला विकास तर्फका १८, आर्थिक सामाजिकरुपले पछाडी परेका विपन्न, दलित, जनजाती, बृद्ध, अपाङ्ग वर्गका लागि संचालित २१, भौतिक पुर्वाधार तर्फ नगस्तरिय योजना ७ वटा र प्रवर्धनात्मक कार्यक्रम तर्फ १०० वटा कार्यक्रम संचालन गरेकोमा करिब ९५ प्रतिशत आयोजनाहरु सम्पन्न भएका छन तथापी हाम्रो कामगर्ने शैली, कार्यक्रम प्रतिको बुझाइ, कार्यक्रम सम्पन्न गर्ने समयसिमाका सम्बन्धमा हाम्रा केहि कमिकमजोर रहेकाले आगामी दिनमा त्यसलाई क्रमश सच्चाउदै अगाडी बढनु पर्ने देखिन्छ ।

# खण्ड ३

# आगामी आर्थिक वर्ष २०७४/०७५ को कार्यक्रम

**३.१ सोचः-**

*विकासका लागि आवश्यक न्युनतम पूर्वाधारहरु क्रमश विकास गर्दै समृद्द भीरकोट निर्माण गर्ने ।*

**३.२ लक्ष्यः-**

*उपलब्ध स्रोत र साधनको महत्तमरुपमा उपयोग गरी यस क्षेत्रका अन्य नगरपालिकाहरुको स्तरमा पु-याउने ।*

**३.३ उद्धेश्यः-**

*विकासको वितरणलाई समानुपातिकरुपमा वितरण गरी नगरबासीहरुलाई न्यूनतमरुपमा उपलब्ध गराउनु पर्ने खानेपानी, शिक्षा, स्वास्थ्य, सडक  र कृषि तथा पशुविकास लगायतका सम्पूर्ण सेवा तथा सुविधामा सहज पहुँच स्थापित गर्ने ।*

**३.४ अपेक्षित उपलब्धीः-**

नगरबासीहरुलाई न्युनतमरुपमा उपलब्ध गराउने पर्ने खानेपानी, शिक्षा, स्वास्थ्य सेवाहरु सहजरुपमा उपलब्ध हुने र नगरक्षेत्रमा रहेका कच्ची सडकहरुलाई क्रमश पक्की सडकमा रुपान्तर गर्नका लागि आवश्यक पर्ने न्युनतम पूर्वाधारहरुको विकास भएको हुने ।

**३.५ मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः-**

आगामी आर्थिक वर्षमा यस नगरपालिका क्षेत्रमा संचालनमा हुने मुख्य मुख्य आयोजनाहरु देहाय बमोजिम रहेका छनः

- बयरघारी नयाँ बजार चोक देखि तमु समाजहलसम्मको ३ सय मिटर सडक पक्की गर्ने,
- साना किसान मार्ग ३ सय मिटर कच्ची सडकलाई पक्की गर्ने,
- वयरघारी बजारदेखि जगतपुरमा रहेको दहथुम स्वास्थ्य चौकीसम्मको बाटो मर्मत,,
- बायेखोला देखि दहथुम स्वास्थ्य चौकीसम्म खानेपानी आयोजना,
- ओसेक हुदै लेखनढुंगा बाटो निर्माण आयोजना,
- बयरघारी कृषिसेवा केन्द्रदेखि सामाखोरिया हुदै काफलपोखरी माथिसम्मको बाटो विस्तार,
- सानोखोल्सा भटेरपाटा थुम्का लिफ्टिङ्ग खानेपानी आयोजना,
- झारखाम देखि छाङ्गछाङ्गदी हुदै ओडारेसम्म सिचाई आयोजना,
- छाङ्गछाङ्गदी सिटिहल निर्माण,
- बलमाटा शिवमन्दिर देखि सिम्लेसम्मको मोटरबाटो ग्रामिण सडक फराकिलो पार्ने,
- फोक्सिङ्ग लिफ्टिङ्ग खानेपानी आयोजना,
- मुलपानी आमासमूहको भवन देखि पाङ्गछाङ्ग पासिन डाँडासम्मको बाटो,
- मोहन डाँडा आगेटारी सालिकोष सानो भज्याङ्ग ग्रामिण सडक
- तारुक मोहनडाडा खानेपानी मर्मत
- ठुली भज्याङ्ग देखि पाखुरे जुनेली डाँडा, तल्लो चरन हुदै काभ्रे जोडने ग्रामिण सडक निर्माण

**३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापनः**

**क) आय तथा व्ययको बिवरण**

विगत तथा चालु आर्थिक वर्षको यर्थाथ आय व्ययको विवरण, आगामी आर्थिक वर्षको राजश्व तथा व्ययको अनुमान, कार्यक्षेत्रगत व्यय र वार्षिक कार्यक्रम तथा योजना प्रस्तुत गर्न गई रहेको छु ।

चालु आर्थिक वर्ष २०७३/०७४ को जेष्ठ महिनासम्मको आन्तरिक तथा नेपाल सरकारबाट प्राप्त रकम समेतका आधारमा जम्मा रु ११ करोड ६६ लाख ५४ हजार ३ सय ५७ रुपैया ३६ पैसा र व्यय रु ५ करोड १३ लाख ९ हजार ७ सय ९२ रुपैया रहेको छ । त्यसै गरी आगामी आर्थिक वर्ष २०७४/०७५ मा जम्मा रु ३४ करोड ५४ लाख २ हजार ५ सय रुपैया आय अनुमान गरिएको छ । साथै व्यय तर्फ रु ३४ करोड ५४ लाख २ हजार ५ सय हुने अनुमान गरिएकको छ ।

आगामी आर्थिक वर्षमा हुने कुल अनुमानित व्यय रु ३४ करोड ५४ लाख २ हजार ५ सय मध्ये चालु तर्फ ८ करोड ८२ लाख ९१ हजार रुपैया, पूर्जीगत तर्फ १२ करोड ९० लाख १८ हजार ५ सय र विषयगत कार्यालयहरु तर्फ एकमुष्ट १२ करोड ८० लाख ९३ हजार रुपैया अनुमान गरिएको छ । यसरी आय तथा व्ययको अनुमानमा जनसहभागिता वापत रु जम्मा १ करोड १ लाख ५३ हजार ५ र नेपाल सरकारबाट सामाजिक सुरक्षा वापत प्राप्त हुन बाँकी रु ४ करोड ६० हजार समेत समावेश गरिएको छ । यसरी विभिन्न शिर्षकबाट हुने अनुमानित आय तथा व्ययको शिर्षकगत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**ख) राजश्व तथा अनुदान प्राप्तिको अनुमानः**

यस आर्थिक वर्षमा भएको राजश्व तथा नेपाल सरकारबाट प्राप्त अनुदान समेतका आधारमा आगामी आर्थिक वर्ष ०७४/०७५ मा आन्तरिक राजश्वका रुपमा जम्मा रु ४२ लाख ९६ हजार, नेपाल सरकारबाट अनुदान तर्फ कुल ३३ करोड ०९ लाख ५३ रुपैया र जनसहभागिता वापत १ करोड १ लाख ५३ हजार ५ सय) राजश्व तथा अनुदान प्राप्तिको अनुमान गरिएको छ यसको वृस्तित विवरण अनुसुची २ मा समावेश गरिएको छ ।

**ग) व्ययको अनुमानः**

यस आर्थिक वर्षको जेष्ठ मसान्तसम्म भएको कुल व्ययका आधारमा आगामी आर्थिक वर्ष ०७४/०७५ मा विभिन्न शिर्षकमा गरी कुल ३४ करोड ५४ लाख २ हजार ५ सय हुने अनुमान गरिएको छ । यसको विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

**घ) कार्यक्षेत्र व्ययको अनुमानः**

आगामी आर्थिक वर्ष २०७४/०७५ मा देहाय बमोजिमका कार्यक्षेत्रमा देहाय बमोजिमको व्यय हुने अनुमान गरिएको छ ।

नेपाल सरकारबाट विषयगत कार्यालयका लागि प्राप्त भएको अनुमानित आय रु १२ करोड ८० लाख ९३ हजार एकमुष्ट शिक्षा, स्वास्थ्य पशुविकास र कृषि क्षेत्रमा खर्च हुने अनुमान गरिएको छ ।

यसरी एकमुष्ट रुपमा विनियोजन गरिएको उक्त रकम चालु तथा पूर्जीगत शिर्षकमा नगरकार्यापालिकाको निर्णयानुसार बाँडफाँड भए अनुसार खर्च गर्ने गरी सम्मानीत सभामा प्रस्ताव गरिएको छ ।

**ङ) कर, राजश्व, गैरकर राजश्व, सेवा शुल्क सिफारिश दस्तुरका दरहरुः**

नगरपालिकाको आन्तरिक आम्दानीको अवस्थालाई ध्यानमा राखि कर राजश्व, गैरकर राजश्व र सेवा शुल्क तथा दस्तुरमा हेरफेर गरिएको छ । यसरी हेरफेर गरिएका शिर्षक र प्रस्तावित सेवा, शुल्क र दस्तुरको विवरण अनुसूची ५ समावेश गरिएको छ ।

नगरपालिका भित्रका व्यवसायिक क्रियाकलापहरुलाई क्रमश करको दायरामा ल्याउनको लागि आगामी आर्थिक वर्ष देखि व्यवसाय कर वापत व्यवसायीहरुबाट स्वंय घोषणा गरेको आम्दानीमा २ प्रतिशत र घर बहाल कर वापत घरधनीहरुबाट स्वंय घोषणा गरिएको घरभाडा रकमको २ प्रतिशत घर बहाल कर लिने व्यवस्था मिलाईएको छ ।

**ङ) वार्षिक कार्यक्रमः**

आगामी आर्थिक वर्षमा नगरपालिका र वडा कार्यालयहरुबाट संचालन हुने वार्षिक कार्यक्रम र त्यस्ता कार्यक्रममा हुने अनुमानित खर्च रकमको विवरण अनुसूची ६ मा समावेश गरिएको छ ।

**च) बार्षिक कार्यक्रम कार्यान्वयन योजनाः**

नगरपालिका र वडा कार्यालयहरुबाट संचालन हुने वार्षिक कार्यक्रमहरुको कार्यान्वयन कार्य योजना कार्यपालिकाको बैठकबाट निर्माण गरि कार्यान्वयन गर्ने गरि यस सम्मानीत सभामा प्रस्ताव गरिएको छ ।

**छ) विविधः**

- बजेट निर्माणका लागि प्राप्त भएको समय सिमा र क्षमताका आधारमा तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा कुनै समस्या आएमा र कुनै शिर्षक/आयोजनामा विनियोजन गरिएको रकम हेरफेर वा थपघट गर्नु परेमा कार्यापालिकाको वोर्ड बैठकबाट संशोधन गरि कार्यान्वयन गर्ने गरि यस सम्मानीत सभामा पेश गरिएको छ ।
- यस आर्थिक वर्षमा संचालनमा रहेका बयरघारी पुलको मुखसम्मको बाटो र रेग्मी डाँडा कालिका अस्पतालसम्मको सडक पक्की गर्ने बाँकी कार्य सम्पन्न गर्न लाग्ने अनुमानित रकम रु २५/२५ लाख विनियोजन गरिएको छ ।
- आर्थिक वर्ष ०७३/०७४ को एकल कार्यकारी वोर्ड तथा निर्वाचित पदाधिकारीहरुको वोर्ड बैठकबाट भएका साविकका निर्णयहरु अनुमोदन गर्ने गरि प्रस्तावित गरिएको छ ।

अन्त्यमा, नगरपालिकाको बजेट निर्माणमा सहयोग गर्ने राजनीतिक दल, नगरकार्यपालिका तथा नगर सभाका निर्वाचित पदाधिकारीहरु, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज, नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, आमसंचार कर्मी र सम्पूर्ण भीरकोटबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै भविष्यमा पनि यस्तै खालको सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गर्दछौ ।

अनुसूची -५

कर राजश्ब, गैरकर राजश्व, सेवा शुल्क सिफारिश दस्तुरका दरहरुः

| सि न | सेवाशिर्षक/सुविधाको विवरण/ | आर्थिक वर्ष ०७३मा लागु ०७४/ रहेको दर | ०७४मा लागु हुने दर ०७५/ |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको सिफारिश | रु १०० | रु १५०-/ |

| | | | |
|---|---|---|---|
| २ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि सिफारिश | रु २०० | रु ३००-/ |
| ३ | अंगिकृत नागरिकता प्रमाणपत्रको सिफारिश (नेपाली नागरिकसंग विवाहित विदेशी महिला) | रु १००० | रु १५००-/ |
| ४ | अंगिकृत नागरिकताको प्रमाणपत्रको संशोधन (नेपाली नागरिकसंग विवाहित विदेशी महिलाको हकमा) | रु ५०० | रु ७५०-/ |
| ५ | अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्रको सिफारिश (विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएको सन्तानको हकमा) | रु १००० | रु १५००-/ |
| ६ | नाता प्रमाणित नेपाली | रु २०० | रु ३००-/ |
| ७ | नाता प्रमाणित अग्रेजी | रु ५०० | रु ७५०-/ |
| ८ | घर जग्गाको नामसारी सिफारिश | रु २०० | रु ३००-/ |
| ९ | गुठी जग्गाको मोहियानि हकको सिफारिश | रु ५०० | रु ७५०-/ |
| १० | जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) प्रतिलिपि तथा सेस्ता कायम सिफारिश | रु २०० | रु ३००-/ |
| ११ | बकस जग्गा नामसारी सिफारिश | रु १३०० | रु १९५०-/ |
| १२ | जग्गाको अंशवण्डा सिफारिश | रु ३०० | रु ४५०-/ |
| १३ | जग्गाको अपुताली सिफारिश | रु १००० | रु १५००-/ |
| १४ | नाम संशोधन सिफारिश | रु २०० | रु ३००-/ |
| १५ | चारकिल्ला प्रमाणित सिफारिश रोपनीसम्म | रु २०० | रु ३००-/ |
| १६ | चारकिल्ला सिफारिश ३ रोपनी भन्दा बढी प्रतिरोपनी थप | रु ५० | रु ७५-/ |
| १७ | घर बाटो सिफारिश २ रोपनीसम्म | रु २०० | रु ३००-/ |
| १८ | घर बाटो सिफारिश २ रोपनीभन्दा बढी थप | रु ५०-/ | रु ७५-/ |
| १९ | खानेपानी जडानको सिफारिश स्थायी | रु २०० | रु ३००-/ |
| २० | खानेपानीको अस्थायी सिफारिश | - | रु ६००-/ |
| २१ | विद्युत जडान ३ फेजसम्मको स्थायी सिफारिश | रु ३०० | रु ४५०-/ |
| २२ | विद्युत जडान ३ फेजभन्दा बढी प्रति फेज थप | रु २०० | रु ३००-/ |
| २३ | विद्युत जडान अस्थायी सिफारिश | - | व्यक्तिगत रु ५००र -/ -/१०००संस्थागत रु |
| २४ | विद्युत नामसारीठाँउसारी सिफारिश/ | रु २०० | रु ३००-/ |
| २५ | जग्गाधनी प्रमाण पूर्जा (लालपूर्जा) मा घर कायम सिफारिश | रु ३०० | रु ४५०-/ |
| २६ | जन्म मिति प्रमाणित सिफारिश नेपालीमा | रु १०० | रु १५०-/ |
| २७ | जन्म मिति प्रमाणित सिफारिश अंग्रेजीमा | रु ५०० | रु ७५०-/ |
| २८ | मृत्यु प्रमाणित सिफारिश नेपाली | रु १०० | रु १५०-/ |
| २९ | मृत्य प्रमाणित सिफारिश अंग्रेजीमा | रु ५०० | रु ७५०-/ |

| | | | |
|---|---|---|---|
| ३० | विवाहितअंग्रजी/अविवाहित नेपाली/ | रु ५०० | रु ७५०-/ |
| ३१ | बसोबास प्रमाणित सिफारिश | रु १०० | रु १५०-/ |
| ३२ | नाबालक परिचय पत्र सिफारिश | रु ५०० | रु ७५०-/ |
| ३३ | पतीपत्नी बिच सम्बन्ध विच्छेद | रु ३०० | रु ४५०-/ |
| ३४ | चारित्रिक प्रमाणपत्रको सिफारिश भारतको लागि | रु २०० | रु ३००-/ |
| ३५ | साधारण सिफारिश अग्रेजी | रु ५०० | रु ७५०-/ |
| ३६ | तिनपुस्ते प्रमाणित | रु १०० | रु १५०-/ |
| ३७ | संस्था दर्ता सिफारिश | रु ५०० | रु ७५०-/ |
| ३८ | संस्था दर्ता नवीकरण | रु ३०० | रु ४५०-/ |
| ३९ | साधारण सिफारिश नेपाली | रु २०० | रु ३०० |
| ४० | नक्कल दिने प्रतिपाना | रु ५० | रु ७५-/ |
| ४१ | जन्म विवाह सम्बन्ध विच्छेद बसाई सराई र मृत्यु दर्ता ३५ दिन भित्र | निशुल्क | निशुल्क |
| ४२ | जन्म विवाह सम्बन्ध विच्छेद र मृत्यु दर्ता ३५ दिन पश्चात | रु ५० | रु ७५-/ |
| ४३ | बसाई सराई | रु १०० देखि रु ५०० | न.पा.भित्र रु ५००र वाह्य -/ -/७५०रु |
| ४४ | घटना दर्ताको प्रमाणपत्रको प्रतिलिपि | रु १०० | रु १५०-/ |
| ४५ | विवरण सच्चाउने | रु ५०० | रु ७५०-/ |
| ४६ | सामाजिक सुरक्षाको भत्ताको लागि परिचय पत्र बनाउने | निशुल्क | निशुल्क |
| ४७ | छात्रवृत्ति सिफारिश | रु २०० | रु ३००-/ |
| ४८ | विद्यालय दर्ता सिफारिश (निजि) प्रा वि | रु १००० | रु १५००-/ |
| ४९ | विद्यालय दर्ता सिफारिश (निजी) निमावी स्तर | रु १५०० | रु २२५०-/ |
| ५० | विद्यालय दर्ता सिफारिश (निजि) माविस्तर | रु २००० | रु ३०००-/ |
| ५१ | उच्च मा वि दर्ता सिफारिश | रु ३००० | रु ४५००-/ |
| ५२ | उद्योग स्थापनाको सिफारिश | रु ५००१५००रु- | रु १५००-/ |
| ५३ | मादकपदार्थजन्य डिलरसिप सिफारिश | - | रु १५००-/ |
| ५४ | मल्टिनेशन कम्पनीबाट उत्पादित सामानको डिलर सिप सिफारिश | - | रु १५००-/ |
| ५५ | अन्य सामानको डिलर सिफारिश | - | रु ७५०-/ |
| **घितो तथा अचल सम्पत्तिको मूल्यांकन** | | | |
| | | | |
| ५६ | रु ५ लाखसम्म | रु १००० | रु १५००-/ |
| | रु ५लाखसम्म १०- | रु १५०० | रु २२५०-/ |
| | रु १०लाखसम्म २०- | रु २००० | रु ३०००-/ |
| | रु २०लाखसम्म ५०- | रु ३००० | रु ४५००-/ |

| | | | |
|---|---|---|---|
| | रु ५० लाखकरोडसम्म १- | रु ६००० | रु ९०००-/ |
| | रु १ करोडभन्दा माथि | रु १२००० | रु १८०००-/ |
| ५७ | हैसियत तथा आय प्रमाणित सिफारिश प्रति हजार | रु २ | रु ३-/ |
| ५८ | एकिकृत सम्पत्ति कर | लागु भए पश्चात | लागु भए पश्चात |
| ६० | सवारी दर्ता सिफारिस | रु १०० ५००रु -सम्म | हेभी सवारीको हकमा रु १०००-/,सानो सवारी (चारपाग्रे) को हकमा रु ७००र -/ -/३००अन्यको हकमा रु |
| ६१ | व्यवसाय दर्ता सिफारिश | रु ५००रु -सम्म१००० | रु ५ लाखसम्मको व्यवसायको लागि रु ५०० ५र -/ लाखभन्दा मािथको हकममा रु १०००-/ |
| | **विज्ञापन स्वीकृत** | | |
| ६२ | १० वर्ग फिटसम्म | रु २०० | रु ३००-/ |
| | ११वर्ग फिटसम्म २४- | रु ५०० | रु ७५०-/ |
| | २५ माथि | रु १००० | रु १५००-/ |
| ६३ | योजना माग सम्झौता सिफारिश | निशुल्क | रु ३००-/ |
| ६४ | घर नक्शा पास | न्युनतम रु ५०० र तोकिएको सडक अनुसार प्रतिवर्ग फुट रु ३सम्म ४रु- | न्युनतम रु ५०० र भुई तलाको रु ३ पहिलो तलाको रु ४ दोस्रो तला वा सो भन्दा माथि रु ५ प्रति वर्ग फिट |
| ६५ | नक्शा संशोधन | रु ५०० र तोकिएको सडक अनुसार प्रतिवर्ग फुट रु १रु -सम्म ४ | रु १०००-/ |
| ६६ | नक्शा म्याद थप | रु ५०० र तोकिएको सडक अनुसार प्रतिफुट रु १ ४रु -सम्म | रु १०००२प्रतिवर्ग फुट रु -/ |
| ६७ | घर मर्मत स्वीकृत | रु ५०० र तोकिएको सडक अनुसार प्रति वर्गफुट रु १ –सम्म ४रु | रु १०००२प्रतिवर्ग फिट रु -/ |
| ६८ | घरको छानाको मोहडा फेर्ने | रु ५०० र तोकिएको सडक अनुसार प्रति वर्गफुट रु १रु -सम्म ४ | रु १००० |
| ६९ | अनुमती नलिई बनाएका घरको अभिलेख राख्ने सम्बन्ध | नयाँ | घर नक्शा पास गर्दा लाग्ने दस्तुरमा १०० प्रतिशत थप गरि नियमानुसार अभिलेख राख्ने |
| ७० | साविक घर भत्काएर नयाँ घर बनाउने | रु ५०० र तोकिएको सडक अनुसार प्रति वर्गफुट रु १रु -सम्म ४ | रु १००० र घर नक्शा पास -/ अनुसारको दस्तुत लिने |
| ७१ | अस्थायी संरचनाको हकमा घर नक्शा पास | पक्की भवनमा लाग्ने दस्तुरको ५० प्रतिशत | पक्की भवनमा लाग्ने दस्तुरको ५० प्रतिशत |
| ७२ | भारत प्रवेशको लागि राहदानी सिफारिश | रु ५०० | रु ७५०-/ |
| ७३ | प्यारागलाइडिङ्ग सम्बन्धी अनुमति सिफारिश | रु ५०० | रु १०००-/ |

| | | | |
|---|---|---|---|
| ७४ | वर्गीकरणमा नपरेका विभिन्न प्रकारका सिफारिश दर्ता नविकरण लगायतका विषयमा कामको प्रकृत्तिका आधारमा | रु १०० रु – सम्म १००० | रु ७५०-/ |
| ७५ | इन्जिनियर, सव इन्जिनिय, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सी | रु ४०००-/ | रु ६०००-/ |
| ७६ | इन्जिनियर, सव इन्जिनिय, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सीको नविकरण | रु २५००-/ | रु ३७५०-/ |
| ७७ | घर जग्गा व्यवसाय | रु १००००-/ | रु १५०००-/ |
| ७८ | घर जग्गा व्यवसाय नविकरण | रु ५०००-/ | रु ७५००-/ |
| ७९ | निर्माण व्यवसायिठेकेदार/ | रु २०००-/ | रु ३०००-/ |
| ८० | निर्माण व्यवसायिठेकेदार नविकरण/ | रु १०००-/ | रु १५००-/ |
| ८१ | प्लम्बिङ्ग फर्मइलेक्ट्रिकल /व्यक्ति/ सेनेटरी फर्म/व्यक्ति/पेन्टर फर्म/व्यक्ति/फर्म | रु १००० | रु १५००-/ |
| | **कर** | | |
| ८२ | व्यवसाय कर | व्यवसायीले स्वंय घोषणा गरेको आम्दानीको २ प्रतिशत | |
| ८३ | घर बहाल कर | व्यवसायीले स्वंय घोषणा गरेको कुल बहाल रकमको २ प्रतिशत र नेपाल सरकारअन्य संघसंस्थालाई घर बहाल / २दिएको हकमा सम्घौतामा उल्लेखित रकमको रु प्रतिशत | |